# घोडाघोडी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## सुखड, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

## विज्ञापन कर ठेक्का बन्दोबस्तको बोलपत्र फारम आ.व.: २०८३ /०८४

आ.व.२०८३।०८४

**विज्ञापन कर ठेक्का बन्दोबस्तको बोलपत्र फारम आ.व.: २०८३ / ०८४ पेश गरेको निवेदन**

**(दरभाउपत्र दाता फर्म संस्था वा कम्पनीको छाप)**

मितिः-२०  /  /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरपालिका,सुखड,कैलाली

महासय,

हामीले दरभाउपत्र सम्बन्धी सूचनामा समावेश भएका शर्तहरु अध्ययन गर्यौ । प्रस्तुत फोहरमैला व्यवस्थापन गर्न हाम्रो मन्जुरी भएकोले यो दरभाउ पत्र पेश गरेका छौ ।
प्रस्तुत कामको लागि सबैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौ ।
हामी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको घोषणा गर्दछौ ।
यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु दरभाउपत्र साथ सिलबन्दी रुपमा पेश गरेका छौ ।

भवदिय
हस्ताक्षर.......................

**<u>फर्म संस्था वा कम्पनीको तर्फबाट</u>**

हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नामः-

पद:-

दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम:-

घोडाघोडी नगर कार्यपालिका सुखड

नविन मल्ल
ईन्जिनियर

नि.प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**विज्ञापन कर**

दोश्रो पटक प्रकाशित मिति: २०८३।०५।०८ गते

यस घोडाघोडी नगरपालिकाको निर्णय अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेका देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०८३।०८४ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरी ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ । अन्य थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेवसाईट www.ghodaghodimun.gov.np था कार्यालय समय भित्र घोडाघोडी नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

ठेक्का विवरण:

| आय ठेक्का नं. | उठाउनु पर्ने राजश्व शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ. कर तथा अन्य कर बाहेक) रु. | धरौटी | सूचनाको अवधि |
|---|---|---|---|---|
| IREV/GMU/02/083/084 | विज्ञापन कर | ५,००,०००।– (पाच लाख मात्र) | कवोल अंकको ५ प्रतिशत | ७ दिन |

ठेक्का सम्बन्धी शर्तहरु:

१. यस बोलपत्रको न्यूनतम् कबोल अंक मू.अ. कर बाहेक रु. ५,००,०००/- (अक्षरेपि पाच लाख मात्र) कायम गरिएको छ।

२. बोलपत्रदाताले यसको सूचनामा उल्लेखित सर्तहरु तथा प्रचलित कानुन पढी बुझी पेश गरेको मानिने छ।

३. बोलपत्रदाताले यस बोलपत्र फारमको प्रत्यक पानामा व्यक्ति भए आफ्नो दस्तखत र फर्म भए फर्मको आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप अनिवार्य रुपमा लगाएको हुनुपर्छ।

४. ठेक्का अवधि आर्थिक बर्ष २०८३/०८४ एक बर्षको हुनेछ।

५. बोलपत्र पेश गर्दा कबोल अंक न्यूनतम अंकमा नघट्ने गरी अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक अक्षरमा लेख्दा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ।

६. बोलपत्र दाताहरु मध्य रीत पुगेको सबैभन्दा बढी ठेक्का अंक कबोल गर्नेको ठेक्का स्वीकृत गरिनेछ।

७. बोलपत्र स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाताबाट कबोल गरिएको स्वीकृत कुल कबोल रकमको मुल्य अभिबृद्धि कर समेतको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा सम्झौता सकिने मितिबाट थप १ महिना अवधिको म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्तहरु खुलाई सम्बन्धित ठेकदारसंग कबुलियत गराईनेछ। एकमुष्ट अग्रिम रकम जम्मा गर्दा बोलपत्र पेश गर्दा राख्रु पर्ने धरौटी वाफतको रकम ठेक्का रकममा समाबेश गर्न पाईनेछैन। सोही बमोजिम बार्षिक रुपमा रकम जम्मा गर्नु पर्नेछ। सो धरौटी रकम ठेक्का आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता गराएको पत्र प्राप्त गरेपछि नियमानुसार फिर्ता दिईनेछ। ठेक्का स्वीकृत भएपछि सम्झौता नगरेमा धरौटी जफत हुनेछ।

८. ठेक्का रकम एकमुष्ट अग्रिम दाखिला गरेमा ५ % छुट दिईनेछ। अग्रिम भन्नाले पहिलो बर्षको लागि सम्झौता हुदाँका वखत । यदि ठेक्का रकम किस्ता बन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाई सक्नु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता वाफत ४०% रकम सम्झौता गरेकै समयमा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा ३० % ले हुने रकम २०८३ पौष मसान्त भित्र र बाँकी ३० % प्रतिशति हुने रकम २०८४ जेठ मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

९. ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य निकायलाई बुझाउनुपर्ने कर, दस्तुर ठेकेदार आफैले बुझाउनु पर्नेछ। करचुक्ता प्रमाण पेश नभए सम्म बैंक जमानत वा धरौटी फुकुवा गरिने छैन।

१०. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस नगर कार्यपालिकाको कार्यालयलाई सुरक्षित

बि.प्रमुख प्रशासकीय अधिकृत

११. नगरक्षेत्रभित्र सार्वजनिक तथा निजी क्षेत्रमा व्यवसायिक प्रचारप्रसारको लागि राखिने कानुनले निषेध गरिएको बाहेक प्रचार सामग्रीहरु जस्तैः होर्डिंग बोर्ड तथा व्यानर, वाल पेन्टिंग, ग्लो बोर्ड आदि सामग्री नगरपालिकाले तोकिदिएको तपसिल बमोजिमको दररेट भन्दा बढी वा फरक गरी कर संलग्न गर्न पाईनेछैन। त्यस्तो गरेको पाईएमा पहिलो पटकलाई रु.१०००/- जरीवाना र पटक पटक त्यस्तो गरेको पाईएमा पटकै पिच्छे दोब्बर जरिवाना गरी ठेक्का बदर गर्न सकिनेछ। व्यवसायीले आफ्नो व्यवसायको पहिचानको लागि राखेको एक साईन बोर्डमा विज्ञापन कर असुल गर्न पाईने छैन।

१२. विज्ञापन करको दर यस प्रकार रहेको छः

| क्र.सं. | विज्ञापनको किसिम | इकाई | दर रू |
|---|---|---|---|
| १ | परिचयपाटीवा साइनबोर्ड | प्रतिवर्ग फुट | १०० |
| २ | होडिङग बोर्ड | प्रतिवर्ग फुट | १५० |
| ३ | व्यानर (वढीमा २ हप्ता सम्म राख्न पाइने) | प्रतिदिन | १०० |
| ४ | रोड क्रसगेट (वढीमा २ हप्ता सम्म राख्नपाइने) रोड क्रस व्यानर तथा गेट निरूत्साहित गरिएको छ । | प्रतिदिन | २०० |
| ५ | एल इ डि भिडियो बोर्ड | प्रतिवर्गफुट | ५०० |
| ६ | फलेक्स (निषेधित क्षेत्र बाहक) | प्रतिवर्गफुट | १२० |
| ७ | पोल डिजिटलबोर्ड | प्रतिवर्गफुट | ५० |
| ८ | अन्य डिजिटलबोर्ड | प्रतिवर्गफुट | ४० |
| ९ | भित्ते लेखन (निजी संरचनामा मात्र) | प्रतिवर्गफुट | २० |
| १० | वास्तविक वस्तु प्रदर्शन | प्रति वस्तु प्रतिदिन | प्रति वस्तु १०० प्रतिदिन २०० |
| ११ | सवारी साधनमा राखिने विज्ञापन(ध्वनि सहित) | प्रति घण्टा | १५० |
| १२ | सवारी साधनमा राखिने विज्ञापन(ध्वनिबाहेक) | प्रति घण्टा | १०० |
| १३ | अनुमति नलिई राखिएको विज्ञापन सामाग्री | लाग्ने रकममा २० प्रतिशत थप | |

तपसिल

१) पोल व्यानर/बन्टिङ ब्यानर रू १०० प्रति दिन प्रति गोटा ।
२) ग्लो बोर्ड रू २५० वर्ग फिट बार्षिक ।
३) फलेक्स बोर्ड, होर्डिङ बोर्ड रू ५० प्रतिवर्ग फिट बार्षिक ।
४) छाता/बेलुन/फलेन्जर रू ८० प्रतिदिन प्रति गोटा ।
५) भित्ते लेखन रू २५ प्रतिवर्ग फिट ।
६) २ डि, ३ डि, ए.सि.पि. बोर्ड रू ३०० प्रतिवर्ग फिट ।
७) स्टल, डोम रू ५०० प्रतिदिन प्रति गोटा ।
८) माईकिङ तथा घुम्ति प्रचार रू २०० प्रतिदिन ।
९) न.पा.क्षेत्र भित्रकाहोटल, मल, सिनेमाहल, पेटोल पम्प जस्ता मानिसहरूको भिडभाड हुने स्थानहरूमा सोहीफर्मको ३ x१० वर्ग फुट भन्दा वढी सबै खाले प्रचार सामाग्रिहरूमा माथी उल्लेखित बमोजिमको कर संकलन गर्न बाधा पर्ने छैन ।

पुनश्च : कुनै व्यवसायीले आफनो व्यवसायको परिचय जनाउने गरी व्यवसायको अगाडी राखिएका ४ गुना ५ फिट सम्मको परिचय पाटी वा साइनबोर्डमा विज्ञापन कर लाग्ने छैन ।

१३. नगर क्षेत्र भित्र प्रचारको लागि राखिने प्रचार सामग्री राख्नु अघि नगर कार्यपालिकाको कार्यालयको स्वीकृती लिएर मात्र राख्नु पर्नेछ। स्विकृती विना राखिएका प्रचार सामग्रीहरु कार्यालयले हटाउने सक्नेछ। यसरी प्रचार सामग्री हटाएको कारणले ठेक्का रकममा कुनै हेरफेर गर्न कार्यालय बाध्य हुनेछैन। स्विकृती लिई कर नबुझाएका त्यस्ता सामग्री ठेकेदार आफैले नगरपालिका कार्यालयको स्विकृती लिएर हटाउन सक्ने छ।

१४. कार्यालयले नगर सौन्दर्यकारण गर्न राखिएका रेलिंग बाहेकका स्थानमा पोल वा रेलिंगमा राख्ने प्रचार सामग्रीहरु (सङ वोर्ड तथा ब्यानर) तोकिएको अवधि सम्म मात्र राख्न लगाउनु पर्नेछ। अनावश्यक रुपमा फोहर हुने वा कुरूप देखिने गरि कुनै प्रचार सामग्री राख्न पाईने छैन। म्याद सकिए पछि प्रचार सामाग्रीहरु हटाउनु पर्नेछ।

१५. साईन वोर्डको रुपमा परिचय पाटी वा साईन वोर्डको रुपमा राखिएको छत्तिस वर्ग फिट सम्मको एउटा वोर्डको सतप्रतिशत र स्थानीय लिपीको प्रयोग गरि तयार गरिएको प्रचार सामग्रीमा पचास प्रतिशत विज्ञापन कर छुट दिनु पर्नेछ।

१६. सम्झौता बमोजिम किस्ता रकम नबुझाएमा ठेकेदारले राखेको बैंक ग्यारेन्टीबाट किस्ता असुल उपर गरी ठेक्का बदर गर्न सकिनेछ। यस कुरालाई ठेकेदारले कुनै उजुरी आपत्ति गर्न पाउने छैन।

इन्जिनियर

वि.प्रमुख प्रशासकीय अधिकृत

१७. बोलपत्र पेश गर्दा कबोल गरेको अंकको ५ (पाच) प्रतिशत सूचनामा तोकिएको बैंक खातामा जमानत वाफत रकम जम्मा गरेको भौचर संग्लन राख्नु पर्नेछ।

१८. ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य निकायलाई बुझाउनुपर्ने सम्पूर्ण कर तथा दस्तुर तिर्नु बुझाउनु परेमा ठेकेदार आफैले बुझाउनुपर्नेछ। कर चुक्ता प्रमाण पेश नभएसम्म बैंक जमानत फुकुवा गरिने छैन।

१९. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ . बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक मात्र स्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ।

२०. ठेकेदारले सबैले थाहा पाउने गरी शुल्क संकलन कार्यालय स्थापना गर्नु पर्नेछ र सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ।

२१. ठेक्का असुल गर्दा प्रयोग गर्ने रसिद नगरपालिकाबाट अभिलेख राखी प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ।

२२. ठेक्का अवधिभर ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सोको हर्जाना समेत ठेकेदारबाट असुल गरिनेछ।

२३. यसमा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्यथा भएको प्रचलित कानून बमोजिम हुनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नविन मल्ल
ईन्जिनियर

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरकार्यपालिकाको कार्यालय,
सुखड, कैलाली ।

विषय: दरभाउ पत्र पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२ / / मा प्रथम पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाले तोकेको दरमा विज्ञापन कर संकलन ठेक्काको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु ।

| **ठेक्का नं.** | **ठेक्का सम्बन्धि विवरण** | **(मू.अ.कर बाहेक) कबोल न्यूनतम ठेक्का अंक रु** | **(मू.अ.कर बाहेक) गरेको रकम रु (अंकमा)** | **(मू.अ.कर बाहेक) कबोल गरेको रकम (अंक्षरमा)** | **धरौटी रकम रु (अंक र अक्षरमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| IREV/GMU/02/083/084 | विज्ञापन कर | ५,००,०००।– (पाच लाख मात्र) | | | | कबोल रकमको किस्ता बुँझाउदा १३% मू.अ.कर रकम थप गरी घोडाघोडी नगरपालिकामा बुझाउने छु । |

बोलपत्रदाता फर्म/कम्पनीको नाम र छाप:
दस्तखत:
ठेगाना:
सम्पर्क नं.: